बैठक नं २२

आज मिति २०७५/०२/२७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | " | |
| ५ | लाल प्रसाद वस्याल | " | |
| ६ | टंक प्रसाद पराजुली | " | |
| ७ | तेज बहादुर सुनार | " | |
| ८ | जगदिश चन्द्र आचार्य | " | |
| ९ | कमल प्रताप थापा | " | |
| १० | भिम बहादुर श्रेष्ठ | " | |
| ११ | बिष्णु बहादुर थापा | " | |
| १२ | पदम बहादुर थापा | " | |
| १३ | रामचन्द्र क्षेत्री | " | |
| १४ | दुर्गा प्रसाद सुवेदी | " | |
| १५ | नारायण प्रसाद पुन | " | |
| १६ | दधिराम न्यौपाने | " | |
| १७ | डम्मर बहादुर भण्डारी | " | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | " | |
| १९ | सन्त बहादुर राना | " | |
| २० | हुमनाथ आचार्य | " | |
| २१ | हिम वहादुर खत्री | " | |
| २२ | डिल प्रसाद नेपाली | " | |
| २३ | रन्जित शेरचन | " | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | " | |
| २५ | विमला श्रेष्ठ | " | |
| २६ | सिता कुमारी थापा | " | |
| २७ | शुष्मा कुमारी अर्याल | " | |
| २८ | बिष्णु कुमारी शर्मा | " | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

चित्र बहादुर गुरुङ - का.वा. वडाध्यक्ष -

१.प्रस्ताव नं. २२.१

नगर सभा बैठकको मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. २२.१

यस बुटवल उप-महानगरपालिकाको आगामी आ.व.०७५।०७६ को लागि प्रस्तावित वार्षिक वजेट नीति तथा कार्यक्रम माथिको छलफलका लागि मिति २०७५।०३।०८ गते दिनको १:०० वजे नगर सभाको बैठक आव्हान गर्ने गरी मिति तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. २२.२

आय ठेक्का सम्बन्धमा ।

निर्णय नं. २२.२

क) यस बुटवल उप-महानगरपालिकाद्वारा संचालनमा रहेको वडा नं ९ स्थित लुम्बिनी वस टर्मिनल र टर्मिनल क्षेत्र भित्र रहेको सार्वजनिक शौचालय तथा पसल क्वालहरु समेत समग्रमा एकीकृत प्याकेजको आगामी २ दुई आ.व. (२०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म) को ठेक्का वन्दोवस्तीका लागि राजश्व परामर्श समितिवाट सिफारिस भई आए वमोजिमको परिमार्जित देहाय वमोजिमको टर्मिनल शुल्क दररेट र पसल क्वालहरुको दैनिक भाडा दररेट बमोजिम न्यूनतम ठेक्का अंक सरकारी कर वाहेक रु २,४५,०००००।- (दुई करोड पैतालिस लाख) कायम गरी नियमानुसार ठेक्का प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**टर्मिनल सेवा शुल्क (भ्याट सहित) को दररेट :**

| सि.न | विवरण | सेवा शुल्क भ्याट सहित | कैफियत |
|---|---|---|---|
| १ | Long Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. ६० प्रति पटक | |
| २ | Local Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. ५० प्रति दिन | |
| ३ | Short Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. ३० प्रति पटक | |
| ४ | City Route मा चल्ने Bus/Mini/Micro Bus | रु. २० प्रति दिन | |
| ५ | Long Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. ४० प्रति पटक | |
| ६ | Local Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. ३० प्रति दिन | |
| ७ | Short Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. २० प्रति पटक | |
| ८ | City Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. १५ प्रति दिन | |
| ९ | निजी/भाडाका जीप तथा कार म्यान आदी | रु. १५ प्रति पटक | |
| १० | सामान ढुवानीका लागि रिक्सा टर्मिनल प्रवेश गर्दा | रु. १० प्रति पटक | |

लुम्बिनी बस टर्मिनल भित्र संचालित शौचालय प्रयोग गरेबापत प्रति पटक प्रति ब्यक्ति दिसा/पिसाव गर्दा रु. ५.०० र नुहाउदा रु.१०.०० (भ्याट सहित) लिन पाईनेछ ।

बुटवल उप महानगरपालिकाद्वारा निर्मित लुम्बिनी बस टर्मिनल भित्र संचालित पसल क्वालहरुको दैनिक भाडा दर निम्न बमोजिम (भ्याट सहित) लिन पाईनेछ ।

| सि.नं | सटर कोठा विवरण | दैनिक भाडा रकम रु. | पसलको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना केन्द्र सेड कोठा नं. १ | ३००.०० | पि.सि.ओ. | |
| २ | सूचना केन्द्र सेड कोठा नं.२ | ६५०.०० | कोल्ड ड्रिंक्स | |
| ३ | सूचना केन्द्र सेड कोठा नं.३ | ५५०.०० | कोल्ड ड्रिंक्स | |

| सि.नं | सटर कोठा विवरण | दैनिक भाडा रकम रु. | पसलको किसिम | कैफियत |
|---|---|---|---|---|
| ४ | सूचना केन्द्र सेड कोठा नं.४ | ५५०.०० | कोल्ड ड्रिंक्स | |
| ५ | सूचना केन्द्र सेड कोठा नं.६ | ७००.०० | कोल्ड ड्रिंक्स तथा नास्ता | |
| ६ | श्री एभरेष्ट होटेल | ८००.०० | नास्ता पसल | |
| ७ | मोबाईल मरमत | ४००.०० | मोबाईल मरमत | |
| ८ | पान पसल | ३५०.०० | पान पसल | |
| ९ | होटेल | ६५०.०० | नास्ता पसल | |
| १० | तारा होटेल | १०५०.०० | नास्ता पसल | |
| ११ | ब्याट्री सर्भिस | ३५०.०० | ब्याट्री, टायर, | |
| १२ | मेन्टीनेन्स क्षेत्र | ३५०.०० | मेन्टीनेन्स क्षेत्र | |

ख) यस बुटवल उप-महानगरपालिका द्वारा संचालनमा रहेको वडा नं ५,७,११,१२,१५, १७ र १८ मा अवस्थित हाटवजारहरुको आगामी २ दुई आ.व.(२०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म) को ठेक्का बन्दोवस्तीका लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिमको परिमार्जित देहाय बमोजिमको हाटवजारहरुको बैठकी सेवा शुल्क (वहाल बिटौरी कर) को दररेट वमोजिम २ दुई आर्थिक वर्षका लागि देहाय वमोजिमको हाटवजारहरुको देहाय वमोजिमको न्यूनतम ठेक्का अंक सरकारी कर बाहेकको रकम कायम गरी नियमानुसार ठेक्का प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**हाट बजार सेवा शुल्कको दररेट (भ्याट सहित) :**

**अ. वडा नं. ५ र वडा नं. ७, दिपनगर स्थित हाटबजारको बैठकी सेवा शुल्क:**

| सि.नं | पसलको विवरण | शनिवार सोमवार बुधवार, बिहीबार | | | बाँकी अन्य दिन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | सेडमा | प्लेटमा | भुईमा | सेडमा | प्लेटमा | भुईमा | |
| १ | माछा, मासु पसल | १०० | ७५ | ५० | ५० | ३५ | ३० | |
| २ | सिद्रा पसल | १०० | ७५ | ५० | ५० | ३५ | ३० | |
| ३ | तरकारी पसल | ५० | ४० | ३० | ३० | २५ | २० | |
| ४ | चियानास्ता पसल | १०० | ७० | ५० | ५० | ३० | २५ | |
| ५ | स्टील, प्लाष्टिकका भाँडा पसल | १०० | ७५ | ५० | ३५ | ३० | २५ | |
| ६ | कपडा, रेडिमेट फेन्सी, किराना, बिसाता, श्रृगार पसल | १३० | १०० | ६० | ४० | ३० | २५ | |
| ७ | फलफूल पसल | ७० | ५० | ४० | ३० | २५ | २० | |
| ८ | छाता, लाइटर, स्टोभ, कूकर आदी मर्मत पसल | ० | १०० | ७५ | ५० | ४० | ३५ | |
| ९ | ठूलो भागामा आउने गोभी लगायतका तरकारी | ० | ० | १०० | ५० | ४० | ३० | |
| १० | किसान स्वयंमले ल्याउने हरियो सागसब्जी | ० | ० | ३० | ० | ० | २० | |

| सि.नं | पसलको विवरण | शनिवार सोमवार बुधवार, बिहीबार | | | बाँकी अन्य दिन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | सेडमा | प्लेटमा | भुईमा | सेडमा | प्लेटमा | भुईमा | |
| ११ | माटाका भांडा विक्री पसल | ० | ० | १०० | ० | ५० | ३० | |
| १२ | चाट, फुल्की/सोडा, सर्वत पसल | ० | ० | १०० | ० | ० | ७५ | |
| १३ | अण्डा पसल | ० | ० | ५० | ० | ० | ३० | |
| १४ | हाँस, कुखुरा, परेवा प्रति टोकरी | ० | ० | १०० | ० | ० | ५० | |
| १५ | खसि, बोका प्रति गोटा | ० | ० | १०० | ० | ० | ५० | |
| १६ | घुम्टी सैलुन | ० | ० | ५० | ० | ० | ३० | |
| १७ | जुत्ता मर्मत पसल | ० | ० | ५० | ० | ० | ३० | |
| १८ | औषधी, जडीबुटी पसल | ० | ० | १०० | ० | ० | ५० | |
| १९ | उखु पेली रस विक्री गर्ने पसल | ० | १५० | १०० | ० | ५० | ४० | |
| २० | माथि उल्लेख नभएका अन्य पसलहरुमा | १०० | ७५ | ५० | ४० | २५ | २५ | |
| २१ | घुम्ति चिया पसल | ० | ० | ५० | ० | ० | २५ | |

उग. **वडा नं. ११, १२,१५,१७ र१८ स्थित हाटबजारको बैठकी सेवा शुल्कः**

| क्र.सं. | पसलको विवरण | सेडमा | प्लेटमा | भुईमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कपडा, बिसता पसल | ० | ४० | ३० | - |
| २ | माछा, मासु पसल | ० | ४० | ३० | |
| ३ | आलु, प्याज तथा खाद्यान्न पसल | ० | ४० | ४० | |
| ४ | भांडा, चिया चमेना पसल | ० | ४० | ४० | |
| ५ | फलफुल, साग सब्जी, तरकारी पसल | ० | ४० | ३० | |
| ६ | ठेलामाः तरकारी/फलफुलसोडा,सर्वत,चटरमटर | ० | ० | ३० | |
| ७ | उखु पेली रस विक्री गर्नेलाई | ० | ० | ४० | |
| ८ | सामान्य साधारण पसल | ० | ० | ३० | |
| ९ | उल्लेख नभएका अन्य पसललाई | ० | २५ | २५ | |

२ आ.व. को लागि न्युनतम ठेक्का अंक सरकारी कर बाहेक

१) वडा नं. ५ शनिवार,मंगलवार,बुधवार र शुक्रवार लाग्ने हाटबजार रु. ८०,००,०००।००

२) वडा नं.७ सोमवार र बिहीवार लाग्ने दिपनगरको हाटबजार रु.१६,००,०००।००

३) वडा नं. ११ मंगलवार र शुक्रवार लाग्ने देवीनगरको हाटबजार रु.६,००,०००।००

४) वडा नं. १२ आईतवार र बिहीवार लाग्ने नयाँ गाउको हाटबजार रु.१५,००,०००।००

५) वडा नं. १७ आईतवार र बुधवार मोतिपुरको हाटबजार रु.१२,००,०००।००

अन्य हाटबजारको सन्दर्भमा सम्वन्धित वडाहरु संग छलफल गरी निर्णय लिने ।

**प्रस्ताव नं २२.३**

**जनप्रतिनिधिहरुको सुविधा सम्बन्धमा ।**

**निर्णय नं २२.३**

मिति २०७४।०३।१४ मा सम्पन्न स्थानीय तहको निर्वाचनको माध्यमबाट निर्वाचित भई आएका यस बुटवल उप-महानगरपालिकाका जन प्रतिनिधिहरुले २०७४।०३।२२ मा शपथ लिई कार्य प्रारम्भ गरी आएको र निर्वाचन पश्चात हाल सम्म बैठक भत्ता बापतको नियमानुसारको सुविधा बाहेक अन्य सुविधा नलिएकोमा हाल प्रदेश नं ५ को प्रदेश सभाबाट पारित ऐन वमोजिम जन प्रतिनिधिहरुलाई पारिश्रमिक सुविधा उपलब्ध भएको हुँदा उक्त ऐन वमोजिमको मासिक पारिश्रमिक सुविधा यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाका जन प्रतिनिधिहरुलाई समेत (शपथ ग्रहण गरी पदवहाली भए देखिको) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं २२.४**

**प्राविधिक जनशक्ति व्यबस्थापन सम्बन्धमा ।**

**निर्णय नं २२.४**

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाबाट सम्पादन भई आएका सिफारिस र राजश्व असुली समेतका कार्यहरु वडा तह बाटै कार्यन्वयन गर्ने सन्दर्भमा तत्कालिन जनशक्ति व्यबस्थापनका लागि प्राविधिक जनशक्ति सेवा करारमा सेवा प्रदायक मार्फत लिइ हालसम्म कार्य सम्पादन भई आएको भए तापनि हाल नगर कार्यपालिकाले प्राविधिक जनशक्ति करार सेवामा लिने गरी कार्यविधि पारित गरिसकेको हुदा सहायक कम्प्युटर अप्रेटर (चौथो तह प्रा.संख्या १९) पद र श्रेणी विहिन हल्का सवारी चालक संख्या २ समेतको अस्थायी दरवन्दी स्वीकृत गरी २०७५ श्रावण १ गते देखि आवश्यक १९ जना सहायक कम्प्युटर अपरेटर (चौथो तह) प्राविधिक जनशक्ति व्यबस्थापनको कार्य करार सेवा मार्फत पूर्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २२.५**

**भ्रमण स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं २२.५**

चीनको Xian municipal peoples Government को आयोजनामा 28th June देखि 1st july 2018 सम्म Xian मा आयोजना हुन लागेको 2018 Silk Road Along Side Cities Round Table Conference मा आउने जाने सम्पूर्ण सुविधा आयोजक संस्थाले नै व्यहोर्ने गरी यस बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री राजनकुमार वि.सी.ज्यूलाई 1st june 2018 (२०७५।०२।१८) मा निमन्त्रणा प्राप्त हुन आएको हुँदा उक्त कार्यक्रममा भाग लिन जानका लागि प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूलाई मनोनयन गरी पठाउने निर्णय गरियो । साथै भ्रमण स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं २२.६**

**विविध ।**

**प्रस्ताव नं २२.६.१**

**सडक मानव रहित शहर वनाउने सम्बन्धमा ।**

**निर्णय नं २२.६.१**

यस बुटवल उप-महानगरलाई सडक मानव रहित शहर वनाउने अभियान अर्न्तगत बुटवल उप-महानगरपालिका वडा नं १३ स्थित जितगढीमा मानव सेवा आश्रमको स्थापना गरी श्री मानव सेवा आश्रम रुपन्देही शाखा बुटवल

संग मिति २०७५।०१।२५ मा समझदारी समेत भई सकेको हुँदा उक्त समझदारी पत्र वमोजिमका कार्यहरुको सम्पादनका लागि आवश्यक पहल गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

श्री नारायण प्रसाद पुन, वडा अध्यक्ष वडा नं १३ -संयोजक ।
श्री राम प्रसाद रेग्मी, वडा अध्यक्ष वडा नं १६ -सदस्य
श्री दुर्गा प्रसाद सुवेदी, वडा अध्यक्ष वडा नं १२ -सदस्य
श्री रमेश प्रसाद नेपाल, वडा अध्यक्ष वडा नं २ -सदस्य
श्री भुवा प्रसाद लुईटेल, वरिष्ठ अधिकृत -सचिव

**प्रस्ताव नं २२.६.२**

**न्यायिक समितिको कार्यविधि २०७४ मा थप एवं संशोधन सम्बन्धमा ।**

**निर्णय नं २२.६.२**

मिति २०७४।१२।२६ मा वसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं २० १ बाट पारित न्यायिक कार्यविधि २०७४ मा देहाय वमोजिम थप एवं संशोधन गर्ने निर्णय गरियो ।

**१. अनुसुची २ मा संशोधन गरी देहाय वमोजिम कायम गर्ने ।**

अनुसूची -२
(नियम ९ को उपनियम (१) संग सम्बन्धित
बुटवल उप-महानगरपालिका
न्यायिक समिति
उजुरी दर्ता गरेको निस्साको ढाँचा

प.सं
च.नं मिति २०/
श्री.................................
.....................................

विषयः- उजुरी दार्ताको निस्सापत्र सम्बन्धमा ।

वादी................वस्ने तपाई र ....................वस्ने श्री ..................................................बिरुद्धमा ........................भनी उजुरी दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता गरी दर्ता नं ...........कायम भएकोले यो निस्सा जारी गरिएको छ ।

अधिकृत कर्मचारी
दस्तखत
मिति

२. अनुसूची ६ मा संशोधन गरी देहाय वमोजिम कायम गर्ने ।

अनुसूची -६

(नियम २० को उपनियम (६) संग सम्वन्धित

बुटवल उप-महानगरपालिका, बुटवल ।

न्यायिक समितिबाट जारी भएको

**म्याद सूचना**

बुटवल उप-महानगरपालिका वडा नं ............वस्ने ....................................को नाममा बुटवल उप-महानगरपालिका कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना ।

बुटवल उप-महानगरपालिका वडा नं ....वस्ने ............................ ले तपाईको बिरुद्ध..........................

बिबाद परेको भनि निबेदन दर्ता गरेको हुदाँ सो को प्रतिलिपि यसै साथ संलग्न राखि पठाएको छ । अत: तपाईले यो म्याद बुझेको वा रित पूर्वक तामेल भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आफ्नो भनाइ सहित आफै वा कानून वमोजिमको वारेश मार्फत यस कार्यालयमा प्रतिउत्तर पत्र सहित हाजिर हुन आउनु होला । अन्यथा कानून वमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

ईति संवत...............साल..................महिना...........गते..............रोज शुभम ।

**३. न्यायिक कार्यबिधिको नियम १९ पछि नियम १९ (क) देहाय वमोजिम थप गर्ने ।**

नेपाल सरकार वादी हुने मुद्धा वाहेक अरु मुद्धामा कसैले कसैका नाममा यस न्यायिक समितिमा निवेदन दिएकोमा निर्णय नहुदै सो कुरा सावित गर्न सकिन्न भनि निबेदन लिई आएमा रु. ५०।- जरिवाना गरी न्यायिक समितिले सो नालिस फिर्ता दिन सक्ने छ ।

**निर्णय नं. २२.६.३**

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ मा संशोधन सम्बन्धमा

**निर्णय नं. २२.६.३**

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४मा नियम ११ देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।

नियम ११ यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षा समितिले लिखित/अन्तर्वार्ता र प्रयोगात्मक जस्ता बिधिहरु मध्ये आवश्यकता र औचित्यताका आधारमा कुनै पनि बिधि अवलम्वन गरी आफ्नो कार्यविधि र अंक भार निर्धारण गरी छनौट गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिँदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**